# कार्यविधिको दफा :८

**दरखास्त साथ पेश गर्नुपर्ने स्वघोषणाको विवरण:** प्रबन्ध सञ्चालकको अयोग्यता सम्बन्धमा सम्बन्धित कानुनमा व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा देहायको व्यक्ती प्रबन्ध सञ्चालकको पदमा नियुक्तिका लागि अयोग्य हुने हुँदा यस विषयमा स्वघोषणा गरेको लिखत/कागजात दरखास्त साथ पेश गर्नु पर्नेछ। ।

(१) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको

(२) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष अवधि पुरा नभएको

(३) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको

(४) आफू नियुक्त हुने सार्वजनिक निकायमा हिताधिकारी वा लाभग्राही भएको वा ठेक्का पट्टा सम्झौता गरि काम गरिरहेको वा निजी स्वार्थ रहेको तर कम्पनीमा कार्यरत कर्मचारी भएकै कारण कम्पनीको हितग्राही वा लाभग्राही भएको मानिने छैन् ।

(५) मानसिक सन्तुलन ठीक नभएको।